स्थानीय सरकार

# सुनकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पाङ्ग्रेटार, सिन्धुपाल्चोक

# रोजगार रणनीति योजना २०८१

आ. व. २०८१।०८२–२०८५।०८६ सम्म

गाउँसभाबाट स्वीकृत मिति: २०८१ असार ३०

# बिषय सूची


| सि नं | बिषय | पेज नम्बर |
|---|---|---|
| खण्ड १ | रणनैतिक सन्दर्भ | १ |
| | (क) पृष्ठभूमि | २ |
| | (ख) रोजगार रणनीतिको आवश्यकता र औचित्य | ३ |
| | (ग) अध्ययन पद्दति | ३ |
| | (घ) क्षेत्र | ३ |
| | (ङ) सीमा | ४ |
| खण्ड २ | वर्तमान अवस्थाको विश्लेषण | ४ |
| खण्ड ३ | रणनैतिक विश्लेषण | ५ |
| खण्ड ४ | रणनैतिक सवालहरु | ६ |
| खण्ड ५ | परिकल्पना, दुरदृष्टि, ध्येय र उद्देश्य | ६ |
| | परिकल्पना | ६ |
| | दुरदृष्टि | ६ |
| | ध्येय | ६ |
| | उद्देश्य | ७ |
| खण्ड ६ | रणनैतिक लक्ष्यहरु | ७ |
| खण्ड ७ | रणनैतिक स्तम्भ, प्रमुख रणनीतिहरु | ८ |
| खण्ड ८ | पाँच बर्षको रणनैतिक कार्ययोजना | ९ |
| खण्ड ९ | श्रोत परिचालन र बजेट ब्यवस्थापन | १६ |
| खण्ड १० | रणनैतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्वन्धी ब्यवस्था | १६ |
| खण्ड ११ | जोखिम व्यवस्थापन | १७ |


टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

## सुनकोशी गाउँपालिकाको नक्शा




ight@MoFALD

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

## खण्ड १ रणनैतिक सन्दर्भ

नेपालको संविधानको प्रस्तावनामा नै जनताको आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गरेको छ। संविधानले भाग ३ मा मौलिक हक र कर्तब्यको व्यवस्था गरेको छ। सोही हक अन्तर्गत धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारी र रोजगारीको छनौट गर्न पाउने हकको प्रत्याभूति गर्दै रोजगारीको हकको छुटै व्यवस्था गरेको छ। साथै संबिधानको धारा ३४ ले प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने कानूनी व्यवस्था गरेको छ। राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (झ) मा श्रम र रोजगार सम्बन्धी अलग नीतिको व्यवस्था गरेको छ। संबिधानको भाग १७ मा पेशा, रोजगारी, उद्योग, ब्यापार तथा ब्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता, कुनै पनि श्रम प्रति अवहेलना गर्न नहुने, धारा १८ (४) मा समान कामको लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा विभेद गर्न नपाईने समेत व्यवस्था गरेको छ। धारा ५० (२) ले श्रमको सम्मान र उमशीलता तथा सामाजिक तथा सांस्कृतिक उद्देश्य सहित राज्यका निर्देशक सिद्धान्तको निर्धारण गरेको छ।

राष्ट्रिय योजना आयोगको १५ औं योजना, राष्ट्रिय रोजगार नीति २०७१ मा उल्लेख भई समाधान हुन नसकेका स्थानीय चुनौती लगायत स्थानीय तहका जनप्रतिनिधीहरु, समुदाय तहबाट प्राप्त भएका चुनौतीहरुको समाधानका उपायहरुको बारेमा छलफल गरी प्राप्त सुझावलाई आधार मानी तय भएको **रोजगार रणनीति योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०८०** मा आधारित रहेर यस रणनीतिक योजना निर्माण गरिएको छ। यस रणनीतिक योजनाले सुनकोशी गाउँपालिकाको समग्र विकासको लक्ष्य हासिल गर्ने कार्यमा प्रभावकारीता र सामञ्जस्यतालाई सुनिश्चित गर्ने अपेक्षा राखिएको छ।

सुनकोशी गाउँपालिका सिन्धुपाल्चोकमा रोजगार रणनीतिको रणनैतिक सन्दर्भ विशेष रूपमा समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक परिस्थितिहरूको परिप्रेक्ष्यमा तय गरिएको छ। यो नीति तथा योजना गाउँपालिका क्षेत्रको विकास र संरचनामा रोजगार सृजना गर्ने उद्देश्य राख्दछ।

**सामाजिक परिस्थितिहरू :**

- आर्थिक असमानता र गरिबी : गाउँपालिकामा अर्थात्मक असमानता र गरिबी अहिलेसम्म चुनौती रहेको छ। अर्थात्मक सशक्तिकरणको माध्यमबाट समुदायको अनुकूल अवसरहरू प्रदान गर्न सक्छ।
- शिक्षा र प्रशिक्षण : सुधारिएको रोजगार रणनीतिको कार्यान्वयनले विभिन्न आवश्यक शिक्षा र प्रशिक्षण प्रदान गर्न सक्छ। यसले स्थानीय जनसंख्याको अनुकूल उत्पादन र सेवा प्रदान गर्न मद्दत पुर्याउँछ।

**आर्थिक परिस्थितिहरू :**

- स्थानीय उत्पादन र उद्यमशीलता : रोजगार रणनीतिले स्थानीय उत्पादन र उद्यमशीलता बढाउने अवसर प्रदान गर्दछ। यसले स्थानीय व्यवसायीहरूलाई समर्थन गर्दछ र स्थानीय उत्पादन र बजार श्रृखला सुधार गर्न सहायक हुन्छ।
- स्थानीय बजार विकास : गाउँपालिकाले रोजगार रणनीतिमा विशेष गरी बजार विकासका लागि अवसरहरू प्रदान गर्दछ। यसमा स्थानीय उत्पादनको प्रोत्साहन, नयाँ उद्योग र सेवा विकास र अनुकूल वितरण प्रणालीको विकासमा मद्दत पुर्याउँछ।

**सांस्कृतिक परिस्थितिहरू :**

- समुदायिक संरचना र उत्सवहरूको समर्थन : रोजगार रणनीतिले समुदायिक संरचना र उत्सवहरूलाई प्रोत्साहन गर्दछ जसले स्थानीय संस्कृति, पर्व तथा उत्सवको विकास र सम्पर्कमा वृद्धि गर्दछ।
- स्थानीय कला र शिल्पकला सम्बन्धी प्रोत्साहन : रोजगार रणनीतिले स्थानीय कला र शिल्पकला सम्बन्धी प्रोत्साहन गर्दछ र स्थानीय शिल्पकलाको संरक्षण र प्रचार-प्रसार भएमा रोजगारी बृद्धिमा मद्दत पुर्याउँछ।

यस्तै सामाजिक, आर्थिक र सांस्कृतिक परिस्थितिहरूको सन्दर्भमा तय भएको सुनकोशी गाउँपालिकाको रोजगार रणनीतिले स्थानीय विकास र समुदाय संघर्षको अवसर उपलब्ध गराउँछ। यसले स्थानीय जनताको समृद्धि र स्थिरतामा मद्दत पुर्याउँछ।

रविन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

## (क) पृष्ठभूमि

नेपालको संविधानको धारा ३३ मा रोजगारीको हकको व्यवस्था तथा धारा ५१ मा श्रम र रोजगार सम्वन्धी नीतिको व्यवस्था रहेको छ। यस संबैधानिक व्यवस्थाको कार्यान्वयन गर्दै नागरिक हकको सुनिश्चित गर्नका लागि नेपाल सरकारले अन्य बिभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरु गरेको छ। श्रम तथा रोजगारीका विषयलाई ब्यवस्थीत गर्नका लागि बैदेशिक रोजगार नीति २०६८, राष्ट्रिय रोजगार नीति, २०७१, राष्ट्रिय ब्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६, बैदेशिक रोजगार ऐन, २०६४, श्रम ऐन, २०७४, रोजगारीको हक सम्वन्धी ऐन, २०७५, प्रधानमन्धी रोजगार कार्यक्रम निर्देशिका, २०७५, श्रमको सम्मान राष्ट्रको अभियान रणनीति, २०७८, श्रम तथा रोजगार सेवा सम्वन्धी एकिकृत कार्यबिधी, २०८० लगायत तर्जुमा भई कार्यान्वयनमा रहेको छ।

१५ औं पञ्चवर्षिय योजनाको परिच्छेद ५ मा आर्थिक क्षेत्रको विकासका लागि क्षमता विकास, बित्तिय पहुँच र प्रबर्द्धनात्मक उपायहरुको अवलम्बन गर्ने, खण्ड ५.२ मा रणनीतिक उद्देश्यलाई टेवा पुर्याउने, लक्ष्य नं. २ मा मानव निर्माण तथा सम्भावनाको पूर्ण उपयोग गर्ने र लक्ष्य नं ४ मा उच्च र समतामूलक राष्ट्रिय आयमा बृद्धि गर्ने, स्थानीय तहदेखि नै मानव जनशक्तिको प्रवर्द्धनका लागि स्थानीयहरुको सीप दक्षता प्रतिस्पर्धी क्षमताको विकास गरी उनीहरुलाई स्थानीय उत्पादनमूलक कार्यमा परिचालन गरी दिगो आयका साथ राष्ट्रिय आयमा समेत टेवा पुर्याउन सक्ने अवस्था रहेको छ। यसका साथै राष्ट्रिय रोजगार नीति, २०७१ को लक्ष्य, उद्देश्य र नीतिगत व्यवस्थाहरुलाई परिपालना गर्नका लागि तीनै तहका सरकारको उत्तिकै भूमिका तथा दायित्व रहने भएकोले प्रत्येक स्थानीय तहले स्थानीय रोजगार रणनीतिको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने कानूनी अवस्था रहेको छ।

सामाजिक तथा आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष, व्यवसायिक बनाउने तथा स्वदेशमा नै रोजगारी अभिबृद्धि गरी बाध्यताले बिदेश जानु पर्ने अवस्थालाई न्यूनीकरण गर्न, मर्यादित श्रम, सबै श्रमशोषणको अन्त्य गर्ने लगायत बैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गर्ने रणनीति योजनाको लक्ष्य रहने छ। यस गाउँपालिकामा रोजगार रणनीति तयार गर्नेमा मुख्यतः निम्नानुसार केही मुद्दाहरु समावेश छन्।

- क्षेत्रीय विशेषताहरू : सुनकोशी गाउँपालिका सिन्धुपाल्चोकमा एक अद्वितीय पहाडी क्षेत्र हो, जसमा बाढी, भूकम्प जस्ता प्राकृतिक विपद्हरूको जोखिम रहेको छ। यसका कारण विकास र रोजगार सम्बन्धी योजनाहरूमा प्राकृतिक विपद्हरूको संभावना र त्यसले पार्ने प्रभावको विचार गरिनुपर्छ।
- आर्थिक स्थिति : गाउँपालिकामा आर्थिक असमानता र गरिबीको समस्या रहेको विद्यमान छ। रोजगार रणनीति लागू गर्दा, आर्थिक स्थितिमा सुधार गर्ने अवसर प्राप्त गर्ने तर्फ ध्यान दिइनु पर्छ।
- सामाजिक संरचना : सामाजिक र सांस्कृतिक परिस्थितिहरूले पनि गाउँपालिकामा महत्वपूर्ण भूमिका खेल्छन्। रोजगार रणनीति लागू गर्दा समुदाय संरचना, सामुदायिक संघर्षको बारेमा समेत ध्यान दिइनुपर्छ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन : सुनकोशीवासीमा स्थानीय उत्पादन र उद्योगिकरणको प्रोत्साहन गर्ने अवसर प्रदान गर्नुपर्छ। यसले स्थानीय उत्पादन र उद्योगिकरणलाई बढावा गर्दछ र स्थानीय रोजगार सृजनामा मद्दत पुर्याउँछ।
- सामुदायिक भावना : रोजगार रणनीतिमा सामुदायिक भावना र सहभागितालाई महत्व दिइनुपर्छ। यसले स्थानीय स्तरवाटै निर्णय लिनुपर्ने प्रणाली विकसित गर्दछ र स्थानीय समुदायको हितका लागि रोजगार सम्बन्धी नीति तथा योजनाको सम्पादनमा सहभागी बनाउँछ।

५।४।८

**टपिन्द्र प्रसाद तिमल्सिना**
**गा.पा. अध्यक्ष**

## (ख) रोजगार रणनीतिको आवश्यकता र औचित्य

प्रस्तुत रोजगार रणनीति तयार गर्दा सुनकोशी गाउँपालिकाको स्थानीय उत्पादन, व्यवसायिक उत्थान र समुदायको संघर्षको लागि अवसरहरू विकसित गर्न मद्दत पुर्याउँछ। रोजगार रणनीतिको आवश्यकता र औचित्यलाई निम्नानुसार उल्लेख गरिएको छ।

आवश्यकता :

- **रोजगार समस्या :** गाउँपालिकामा रोजगार समस्या छानबिन गरिएको छ जसले गरिबी, असमानता र विविध सामाजिक संरचना जस्ता विशेषता बढी दर्शाउँछ। रोजगार रणनीति लागू गर्दा यस्ता असमानताका विशेषता जस्ता समस्याहरूको समाधान गर्न सक्षम बनाउन प्राथमिकता दिइनुपर्छ।
- **स्थानीय उत्पादन र उद्योगिकरणको अभाव :** स्थानीय उत्पादन र उद्योगिकरणको अभावले रोजगार सृजनामा अवरोध पर्दछ। यसै कारणले स्थानीय उत्पादन र उद्योगिकरणको प्रोत्साहन गर्ने अवसर प्रदान गर्नुपर्छ।
- **प्राकृतिक विपद् र समस्याहरूको संभावना :** सुनकोशी गाउँपालिकामा भूकम्प र बाढी जस्ता प्राकृतिक विपद्हरूको सम्भावना छ। रोजगार रणनीति तयार गर्दा यी प्राकृतिक विपद्हरूको प्रतिकारका लागि योजना बनाउनुपर्छ।

औचित्य :

- **स्थानीय विशेषता र संसाधनको उपयोग :** स्थानीय विशेषता र संसाधनलाई उपयोग गर्ने औचित्य रहेको छ। यसले स्थानीय उत्पादन, प्रकृतिक संसाधन र स्थानीय व्यवसायीहरूको प्रोत्साहन गर्दछ।
- **सामुदायिक सहभागिता :** गाउँपालिकाको निर्णय निर्माण तथा विकास निर्माणमा सामुदायिक सहभागिता महत्वपूर्ण हुन्छ, जसले स्थानीय सहभागितामा स्वयंसेवा गर्ने, निर्णय लिने र नीति तथा योजनाको विकासमा सहभागी बनाउँछ।

## (ग) अध्ययन पद्दति

सुनकोशी गाउँपालिका सिन्धुपाल्चोकमा रोजगार रणनीति तयारका लागि अध्ययन पद्दतिका केही मुख्य चरणहरु अवलम्वन गरिएको छ। यसरी रोजगार रणनीति तयार गर्दा स्थानीय विशेषता, समस्याहरू र समुदायको सहभागितालाई महत्व दिईएको छ।

- **समग्र समीक्षा र विश्लेषण :** समुदायको समस्या र आवश्यकताहरूको अध्ययन, समुदायका सदस्यहरूसँग साक्षात्कार, समुदायको समस्याहरू र उनीहरूको अनुभव, आवश्यकता र स्थितिको विश्लेषण गरिएको छ।
- **स्थानीय संसाधनको मूल्यांकन :** स्थानीय उत्पादन, प्राकृतिक संसाधन र स्थानीय व्यवसायीहरूलाई प्रोत्साहन गर्ने अवसर र अवस्था मूल्यांकन गरिएको छ।
- **अध्ययन र संग्रह :** सम्भावित र वास्तविक विकल्पको अध्ययन, रोजगार समस्याहरूको अध्ययन र सम्भावित उपायहरुको बारेमा मूल्यांकन गरिएको छ।
- **नीति तथा योजना विकास :** नीति र योजना विकास गर्ने अवसरहरूको अध्ययन गरिएको छ।
- **प्रस्तावना र प्रतिक्रिया :** समुदायको प्रतिक्रिया र सहमतिमा आधारित प्रस्तावना र प्रतिक्रिया विकास गर्ने अवसरहरू अध्ययन गरिएको छ।

## (घ) क्षेत्र

स्थानीय तहमा रोजगार रणनीति तयार गर्दा स्थानीय विकास र समृद्धिका लागि महत्वपूर्ण भूमिका खेल्ने गर्छ। सुनकोशी गाउँपालिका सिन्धुपाल्चोकको रोजगार रणनीतिको क्षेत्रहरू निम्नानुसार रहेका छन।

५५१७

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाल्चौटार, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

- **स्थानीय उत्पादन र उद्योगिकरण :** प्रस्तुत रणनीतिमा स्थानीय उत्पादन र उद्योगिकरणको प्रोत्साहन गर्ने उपायहरू अवलम्बन गरिएको छ। स्थानीय कृषि उत्पादन बृद्धि, उद्योगिकरण प्रबर्द्धन गरी स्थानीय रोजगार सृजनामा महत्वपूर्ण भूमिका खेल्छ।
- **सामुदायिक संरचना र सहभागिता :** सामुदायिक संरचना र सहभागिताको महत्व उच्च छ। रोजगार रणनीति तयार गर्दा सामुदायिक संरचना तथा सहभागिताको प्रोत्साहन गरी स्थानीय समुदायको अवश्यकतामा आधारित उपायहरू विकसित गर्दछ।
- **शिक्षा र प्रशिक्षण :** शिक्षा र प्रशिक्षणको क्षेत्रमा रोजगार रणनीतिले रोजगार प्राप्ति र शिक्षा अवसरहरूमा सुधार गर्न प्रयास गर्दछ।
- **पर्यटन र होमस्टे सेवा :** पर्यटन र होमस्टे सेवाबाट स्थानीय पर्यटन उद्योगको प्रवर्द्धन र स्थानीयहरुको आर्थिक सम्पदा वृद्धि गर्ने उपायहरू अपनाउनु पर्दछ।
- **पर्यावरण र शान्तिका संरचना :** समुदायको पर्यावरणीय संरचना र शान्तिका संरचनामा विकास गर्ने उपायहरू सम्बन्धमा विचार गर्नुपर्छ।

## (ङ) सीमा

स्थानीय तहमा रोजगार रणनीति तयार गर्दा स्थानीय विकास र समृद्धिका लागि तय गरिएका क्षेत्रहरु ब्यापक रहनुका साथै यसका केही महत्वपूर्ण सीमाहरू पनि रहेका छन जुन यसप्रकार रहेको छ।

- बाह्य वातावरणको अनिश्चितता,
- गाउँपालिकाको प्राथमिकताको विषयमा हुनसक्ने परिवर्तन,
- अनुभव र सुझावहरूमा सत्यता र यथार्थताको कमीको सम्भावना,
- पूर्वानुमान सम्वन्धी सीमा,
- परिवर्तन प्रतिको अनिच्क्षा,
- अपूर्ण सूचना तथा तथ्यांकहरु,
- श्रोत र साधनको अपर्याप्तता,
- श्रम बजारमा आउन सक्ने परिवर्तन र प्रविधिको तिव्र विकासले मागमा हुने परिवर्तन,
- श्रमको मागमा आउन सक्ने बिबिधता र
- आधार तथ्यांकको अभाव।

## खण्ड २

## वर्तमान अवस्थाको विश्लेषण

सुनकोशी गाउँपालिका सिन्धुपाल्चोक जिल्लामा अवस्थित वागमती प्रदेशको एक महत्वपूर्ण स्थानीय तह हो। २०७३ फागुन २७ गते नेपाल सरकारले यसलाई स्थानीय तह घोषणा गरेको थियो। यस गाउँपालिका ७२.८४ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ र ७ वटा वडामा विभाजित छ। यसको नामाकरण सुनकोशी नदीबाट भएको हो, जसले यस क्षेत्रलाई जीवनदायिनी जलस्रोत प्रदान

दिपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

गर्दछ । यहाँको जमिन तथा जलश्रोतको समुचित उपयोग गर्न सकेमा गाउँवासीको आर्थिक अवस्था सुधारमा व्यापक परिवर्तन गर्न सकिनेमा दुइमत छैन ।

**जनसंख्या र साक्षरता दर:** २०७८ को जनगणना अनुसार, सुनकोशी गाउँपालिकामा १५,१७६ जनसंख्या रहेको छ, जसमा ७,३११ पुरुष र ७,८६५ महिलाको संख्या रहेको छ । यस गाउँपालिकामा कुल साक्षरता दर ७१.४ प्रतिशत छ, जसमा पुरुषको साक्षरता दर ७८.८ प्रतिशत र महिलाको साक्षरता दर ६४.३ प्रतिशत रहेको छ । साक्षरता दरमा लिङ्ग अनुसारको अन्तरले देखाउँछ कि महिलाको साक्षरता वृद्धि गर्न अझै काम गर्न आवश्यक छ ।

**जातिगत संरचना:** यस गाउँपालिकामा सबैभन्दा धैरै क्षेत्री जातिको जनसंख्या छ, जसको प्रतिशत ३९.२ छ । अन्य प्रमुख जातिहरूमा तामाङ (१६.५%), ब्राम्हण (९.७%), पहरी (९.५%), विश्वकर्मा (५.८%), मिजार (४.३%), माझी (३.७%), नेवार (२.९%), परियार (२.७%), र घर्ती भुजेल (१.९%) रहेका छन् । यस जातिगत विविधताले गाउँपालिकाको सांस्कृतिक सम्पदा र सामाजिक संरचनामा विविधता झल्काउँछ ।

**आर्थिक अवस्था:** सुनकोशी गाउँपालिकाको प्रमुख आम्दानीको स्रोत कृषि र पशुपालन हो । यस क्षेत्रका बासिन्दाहरूको जीवनयापनको आधार कृषि र पशुपालनमा आधारित छ, जसले आर्थिक विकासका लागि ठुलो सम्भावना राख्दछ । गाउँपालिकामा प्रशस्त कृषि उत्पादन र पशुपालनको अवसर रहेको छ, जसले यहाँका बासिन्दाहरूलाई आत्मनिर्भर बनाउन सकिने देखिन्छ ।

**भौगोलिक स्थिति:** सुनकोशी गाउँपालिकाको पूर्वमा त्रिपुरासुन्दरी र लिसङ्खुपाखर गाउँपालिका, पश्चिममा चौतारा साँगाचोक गढी नगरपालिका, उत्तरमा बलेफी गाउँपालिका र दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका तथा लिसङ्खुपाखर गाउँपालिका पर्दछन् । यस भौगोलिक अवस्थाले सुनकोशी गाउँपालिकालाई अन्य गाउँपालिका र नगरपालिकाहरूसँग राम्रोसँग जोड्दछ र व्यापार तथा संचारको दृष्टिले महत्वपूर्ण मानिएको छ ।

समग्रमा, सुनकोशी गाउँपालिका एक प्रगतिशील स्थानीय तह हो जसले प्राकृतिक स्रोतहरूको सदुपयोग गर्दै सामाजिक, आर्थिक र शैक्षिक उन्नतिको दिशामा अगाडि बढिरहेको छ । जातिगत विविधता, कृषि तथा पशुपालनको प्रचुर सम्भावना र बढ्दो साक्षरता दरले यस गाउँपालिकाको उज्जवल भविष्यको संकेत गर्दछ ।

**रोजगारीको अवस्था:** सुनकोशी गाउँपालिकाले आफ्नो सेवाक्षेत्र भित्र प्रत्यक्ष अप्रत्यक्ष रुपमा रोजगारीको सिर्जना गरिरहेको छ । रोजगारी सिर्जनाको लागि नियमित बिकासका काममा साथै कामका लागि पारिश्रमिक योजनाहरु समेत सञ्चालन गरिरहेको छ । सघीय अनुदानको रुपमा प्राप्त बजेटवाट कामका लागि पारिश्रमिक योजना सञ्चालन गरी बार्षिक न्यूनतम रोजगारी प्रदान गरिरहेको अवस्था रहेको छ भने मागमा आधारित सीपमूलक तालिम समेत सञ्चालन गरिरहेको छ ।

## खण्ड ३

## रणनैतिक विश्लेषण

नेपालको विकासको विभिन्न चुनौति मध्ये प्रमुख चुनौति बेरोजगारी समस्या हो । नेपालको श्रमबजारमा अनौपचारिक आर्थिक क्रियाकलापहरु हुने गरेको पाईन्छ । औपचारिक क्षेत्रमा रोजगारी नपाएपछि अनौपचारिक क्षेत्रमा सहभागी हुने वा रोजगारीको खोजीमा बाध्यताबश जोखिमपूर्ण बैदेशिक रोजगारीमा संलग्न छन । बैदेशिक रोजगारीसँगै सिर्जना भएको सामाजिक मनोबृतिका साथ साथै हरेक स्थानीय तहको उत्पादकत्व बृद्धि हुन सकेको छैन । सुनकोशी गाउँपालिका देशको मुख्य केन्द्र काठमाडौँको नजिक रहनुले पनि अनौपचारिक क्षेत्रको रोजगारीमा संलग्नता बढी रहेको छ । स्थानीय स्तरवाटै उत्पादन बृद्धि गरी निर्यातमूखी बन्नका लागि राज्यमा विद्यमान तीनै तहका सरकारले बिभिन्न नवप्रवर्तनात्मक नीति तथा कार्यक्रमहरु शुरुवात गरी समयानुकुल कानूनी व्यवस्था, सीप तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालनमा रहेका छन । तथापी एकातर्फ श्रमशक्ति बेरोजगार रहनु अर्कोतर्फ श्रम बजारमा आवश्यक दक्ष र सीपयुक्त जनशक्ति आपुर्ति गर्न नसक्नुले श्रमबजार तथा रोजगारी प्रबर्द्धनको क्षेत्रमा बिभिन्न समस्या तथा चुनौतीहरु रहेका छन जुन निम्नानुसार रहेको छ ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- रोजगारी सिर्जनाको लागी श्रोतको अभाव,
- श्रम तथा रोजगारमैत्री नीति तथा कानूनको अभाव,
- औद्योगिक पूर्वाधारहरुको अभाव,
- उत्पादनशील रोजगारको कमी (न्यून उत्पादकत्व, न्यून ज्याला र कमजोर कार्य अवस्था),
- सरकारी, नीजि क्षेत्र, सहकारी, गैरसरकारी संस्था तथा विषयगत क्षेत्रवीच समन्वयको कमी,
- आन्तरिरक रोजगारीका अवसर सिर्जना,
- जनसाङ्ख्यिक लाभको अधिकतम उपयोग,
- श्रम व्यवस्थापनमा सुधार,
- वैदेशिक रोजगारी व्यवस्थापन,
- व्यावसायिक तथा सीपमूलक तालिमलाई श्रम बजार अनुकुल हने गरी व्यवस्थापन,

यी समस्या समाधान गर्दै चुनौतीहरुलाई कम गर्नका लागि सुनकोशी गाउँपालिकाको रोजगार रणनीति योजना तयार निम्नानुसार पक्षहरुको विश्लेषण गरिएको छ ।

- **अध्ययन र तथ्याङ्क संकलन :** गाउँपालिका भित्रको रोजगार स्थितिको विश्लेषण गर्न हालको रोजगार स्थिति, रोजगारको अवस्था, व्यवसायीक गतिविधिहरू, अवसरहरू आदि अध्ययन गरिएको छ ।
- **समुदायको सहभागिता :** समुदायको अवस्था, आर्थिक स्थिरता, रोजगारका अवसरहरूमा समुदायको सहभागिता कसरी गर्न सकिन्छ भन्ने विश्लेषण गरिएको छ ।
- **स्थानीय संसाधनहरूको प्रयोग :** स्थानीय संसाधनहरूको उपयोग, उत्पादन तथा सेवाहरूमा वृद्धि गर्ने र रोजगार सृजनामा सहायक बन्ने प्राविधिकहरूको बिश्लेषण गरिएको छ.।
- **नीति र योजना विकास :** रोजगार रणनीति तथा योजनाहरूको विकासमा जातीय र स्थानीय स्तरमा नीति र योजनाहरूको विश्लेषण गरिएको छ ।
- **समुदायिक प्रतिक्रिया र समीक्षा :** समुदायको प्रतिक्रिया र समीक्षा प्राप्त गर्न समुदायको भावी रोजगार अवसरहरू, समस्याहरू र स्थिरता सम्बन्धी विश्लेषण गरिएको छ ।

## खण्ड ४

## रणनैतिक सवालहरु

सुनकोशी गाउँपालिका सिन्धुपाल्चोकको रोजगार रणनीतिको रणनैतिक सवालहरू निम्नानुसार समावेश गरिएको छ ।

- **रोजगारको स्थिरता र वृद्धि** : गाउँपालिकामा वर्तमानमा कति रोजगारी सृजना भएको छ र भविष्यमा कसरी स्थिरता र वृद्धि गर्न सकिन्छ?
- **समुदायिक सहभागिता :** समुदायिक सहभागिताको स्थिति कस्तो छ र रोजगार रणनीतिमा समुदायिक सहभागिता कसरी बढी भन्दा बढी सम्बन्धित गर्न सकिन्छ ?

४५।६

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- **स्थानीय संसाधनको उपयोग :** स्थानीय संसाधनहरूको उपयोग र विकासमा रोजगार रणनीतिमा कसरी प्राथमिकता दिने समुदायले ?
- **नोकरी प्राप्ति र शिक्षा प्रशिक्षण :** स्थानीय जनसंख्याको अनुसार नोकरी प्राप्ति र शिक्षा प्रशिक्षणका अवसरहरू विकास गर्नका लागि रणनीतिका के उपायहरू अवलम्बन गर्न सकिन्छ ?
- **प्राकृतिक सम्पदा र सामुदायिक विकास :** प्राकृतिक सम्पदा र सामुदायिक विकासको वीच प्रमुख ध्यान दिइनुपर्ने पक्षहरु के के हुन ?

## खण्ड ५

## दुरदृष्टि ध्येय र उद्धेश्य

### परिकल्पना (नारा)

*कृषि, पशुपालन, पूर्वाधार र पर्यटन,*

*समृद्धिका लागि श्रमको सम्मान*

### दुरदृष्टि (Vision)

स्थानीय श्रोत, साधन र श्रमको अधिकतम उपयोग गरी समृद्ध, आत्मनिर्भर र दिगो विकास भएको नमूना सुनकोशी गाउँपालिका निर्माण गर्ने ।

### ध्येय (Mission)

स्थानीय स्रोत र साधनको प्रभावकारी उपयोग मार्फत् रोजगारका अवसर सिर्जना गर्ने, सीपयुक्त जनशक्ति विकास गर्ने र कृषि तथा पर्यटनबाट समुदायको समग्र जीवनस्तर उकास्ने ।

### उद्देश्यहरु

१. स्थानीय स्रोत, श्रम साधनको उपयोग

- कृषि, वन पर्यटन र साना उद्योगहरुको प्रवर्द्धन गरी स्थानीय स्रोत र साधनको प्रभावकारी उपयोग गर्ने ।
- प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै वातावरणमैत्री उद्योगहरुको स्थापना गर्ने ।

२. रोजगार सिर्जना

- कृषि, पशुपंक्षी, मत्स्यपालन, पर्यटन र अन्य सम्भाव्य क्षेत्रहरुमा रोजगारका अवसरहरु सिर्जना गर्ने ।
- बेरोजगार युवाहरुका लागि नयाँ रोजगारीका अवसरहरु उपलब्ध गराउने ।

३. सीप विकास र तालिम

- युवाहरुलाई रोजगारोपयुक्त बनाउनका लागि विभिन्न व्यावसायिक तालिम र सीप विकास कार्यक्रमहरु सञ्चालन गर्ने ।
- कृषि, पर्यटन र उद्योगमा आवश्यक पर्ने सीप र ज्ञान प्रदान गर्ने ।

४. सामुदायिक सहभागिता

- रोजगारसम्बन्धी योजनाहरुमा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- स्थानीय नागरिकको आवश्यकतालाई प्राथमिकता दिँदै योजनाहरु निर्माण र कार्यान्वयन गर्ने।

५. आधारभूत संरचना विकास

- कृषि, पर्यटन र उद्योगको विकासका लागि आवश्यक पर्ने आधारभूत संरचनाहरु निर्माण गर्ने, जस्तै सडक, बिजुली, पानी र सञ्चार।
- स्वास्थ्य, शिक्षा तथा प्रविधिका सुविधाहरुको पहुँच वृद्धि गर्ने।

६. सहकार्य र साझेदारी

- विभिन्न सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य गरी रोजगारसंबन्धी परियोजनाहरु सञ्चालन गर्ने।
- बैंक, वित्तीय संस्थाहरु र सहकारी संस्थाहरुको माध्यमबाट वित्तीय सहयोग प्राप्त गर्ने।

७. रोजगार समानता र न्यायमा लैङ्गिक समानता

- लैङ्गिक समानता र न्यायका लागि विशेष नीति र कार्यक्रमहरू विकसित गर्ने।
- लैङ्गिक समानता र न्यायको लागि निगरानी र मूल्यांकन प्रणाली विकसित गर्ने।

## खण्ड ६

## रणनैतिक लक्ष्यहरु

१. कृषि र पशुपालनको आधुनिकीकरण र विविधिकरण :

- उन्नत कृषिविधि अपनाउने : उन्नत बीउ, मल, सिँचाई प्रणाली र कृषि यन्त्रहरुको प्रयोगलाई प्रवर्द्धन गर्ने।
- पशुपालनमा नवप्रवर्तन : उन्नत प्रजातिका पशुहरु र वैज्ञानिक विधिहरु अपनाएर डेरी उत्पादन र अन्य पशुपालन व्यवसायलाई प्रोत्साहित गर्ने।

२. पर्यटनको विकास र प्रवर्द्धन :

- पर्यटन पूर्वाधारको विकास : स्थानीय पार्क, पिकनिक स्पोर्ट लगायतका निर्माण गर्ने, होटल, रिसोर्ट, होमस्टे, ट्रेकिङ ट्रेल्स र पर्यटक सूचना केन्द्रहरुको स्थापना गर्ने।
- पर्यटन प्रवर्द्धन : स्थानीय संस्कृति, प्राकृतिक सौन्दर्य र धार्मिक स्थलहरुलाई व्यापक रुपमा प्रवर्द्धन गर्ने।

३. उद्योग र साना व्यवसायको प्रवर्द्धन :

- स्थानीय उद्योग स्थापना : स्थानीय कृषि उत्पादन सम्बद्ध प्रशोधन उद्योग, हस्तकला र घरेलु उद्योगहरुलाई प्रोत्साहित गर्ने।
- साना व्यवसायहरुलाई समर्थन : उद्यमशीलता तालिम, व्यवसायिक परामर्श र वित्तीय सहयोग मार्फत् साना व्यवसायहरुलाई प्रोत्साहन तथा समर्थन गर्ने।

४. सीप विकास र तालिम :

- व्यावसायिक तालिम केन्द्र : स्थानीय आवश्यकताहरुलाई सम्बोधन गर्ने खालका गाउँपालिकास्तरीय सीप विकास तालिम केन्द्रको स्थापना गर्ने।
- शैक्षिक सुधार : आधारभूत शिक्षा र श्रम बजारको माग अनुरुपका प्रविधि शिक्षामा पहुँच वृद्धि गर्दै युवा जनशक्तिलाई सक्षम बनाउने।

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

५. **पूर्वाधार विकास :**

- यातायात र संचारको सुधार : सडक, पुल, बिजुली र इन्टरनेट जस्ता पूर्वाधारहरुको विस्तार र सुधार गर्ने र सुधारका लागि आवश्यक पहल गर्ने ।
- स्वास्थ्य र शिक्षा सेवाको सुदृढीकरण : स्वास्थ्य केन्द्रहरुको सुदृढीकरण र शिक्षण संस्थाहरुको स्तरोन्नति गर्ने ।

६. **पर्यावरण संरक्षण र दिगो विकास :**

- पर्यावरण संरक्षण कार्यक्रम : प्राकृतिक स्रोतहरुको संरक्षण, वन संरक्षण र जल व्यवस्थापनमा ध्यान दिने ।
- दिगो विकास प्रविधिको प्रवर्द्धन : नवीकरणीय ऊर्जा, जैविक खेती र हरित प्रविधिको प्रवर्द्धन गर्ने ।

७. **महिला र युवाको सशक्तिकरण :**

- महिला उद्यमशीलता प्रवर्द्धन : महिलाहरुलाई उद्यमशीलता तालिम प्रोत्साहन र व्यवसायिक परामर्श प्रदान गर्ने ।
- युवाको सीप विकास : युवाहरुलाई रोजगारको लागि आवश्यक सीप र तालिम प्रदान गर्ने ।

## खण्ड ७

## रणनैतिक स्तम्भ, प्रमुख रणनीतिहरु

सुनकोशी गाउँपालिकामा रोजगारी सृजना, स्थानीय विकास र सामाजिक आर्थिक सुरक्षा गर्ने प्रयासका लागि उल्लेखित रणनैतिक स्तम्भहरु तय गरिएका छन ।

- **कृषि र पशुपालन विकास :**
  - किसानको समृद्धिका लागि समर्थन : कृषि उत्पादनमा नवीनतम प्रविधिहरु अपनाउने । किसानहरुलाई उत्पादन र बजारीकरणमा मद्दत प्रदान गर्ने ।
  - पशुपालन सेवाहरुको प्रवर्द्धन : उन्नत पशुपालन प्रविधिहरुको अपनाउने र पशुपालन सेवाहरुको सुविधाजनक बनाउने ।
- **पर्यटनको प्रवर्द्धन :**
  - पर्यटन संरक्षण र प्रवर्द्धन : स्थानीय सम्पदा, सांस्कृतिक स्थलहरुको संरक्षण गर्ने र पर्यटन आकर्षक बनाउने ।
  - पर्यटन सुविधा विकास : उत्कृष्ट पर्यटकीय सुविधाहरुको प्रदान गर्ने । होटल, रिसोर्ट, होमस्टे, ट्रेकिङ र पर्यटन सम्बन्धी सेवा सुधार गर्ने ।
- **साना व्यवसाय र उद्योग विकास :**
  - साना व्यवसायहरुको समर्थन : स्थानीय उद्यमीहरुलाई वित्तीय, प्राविधिक र प्रबन्धमा समर्थन प्रदान गर्ने ।
  - स्थानीय स्रोतको उपयोग : स्थानीय स्रोतहरुको उपयोग गर्दै उद्योग विकास गर्ने ।
- **तालिम र कौशल विकास :**
  - व्यावसायिक तालिम : स्थानीय जनसंख्यालाई व्यावसायिक तालिम र कौशल विकासको लागि प्रशिक्षण प्रदान गर्ने ।
  - शैक्षिक सुधार : स्थानीय शिक्षा प्रणाली सुधार गर्ने ।
- **सामाजिक र आर्थिक सुरक्षा :**
  - स्थानीय आर्थिक प्रवृत्तिहरुको समर्थन : सामुदायिक विकास र समाजिक सुरक्षाको लागि उपयुक्त नीति अवलम्बन गर्ने ।
  - रोजगारीका अवसरहरुको सुधार : न्यायिक सेवा, सामाजिक सुरक्षा र विकासका अवसरहरुलाई बढावा दिने ।

हरिकृष्ण प्रसाद तिमिल्सिना
गा.पा. अध्यक्ष

यी प्रमुख रणनीतिहरुले सुनकोशी गाउँपालिकामा रोजगारी सृजना, स्थानीय विकास र सामाजिक आर्थिक सुरक्षा गर्ने प्रयास गर्नुका साथै यसले स्थानीय यस क्षेत्रमा बसोबास गर्ने जनताको आर्थिक र सामाजिक समृद्धिमा सहयोग प्रदान गर्दछ । यी रणनैतिक स्तम्भलाई पुरा गर्न निम्नानुसार प्रमुख रणनीति अवलम्वन गरिनेछ ।

१) सहकारी मोडलमा ब्यवसायीक र निर्यातमुखी कृषि मार्फत् आयआर्जन तथा रोजगारी बृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने ।

२) गाउँपालिकाले रोजगारमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी बजेट निर्माण गर्ने ।

३) स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारमैत्री कार्यक्रम तथा बजेट निर्माण गर्ने

४) गाउँपालिकामा रहेका सीप विकास, उद्यमशीलता र रोजगारीको बिश्लेषण गरी रोजगारीको अवसर प्रदान गर्ने ।

५) श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिबृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने ।

६) गाउँपालिकामा दक्ष, प्रतिस्पर्धी र उद्यमशील मानवीय श्रोतको विकास गर्ने ।

७) गाउँपालिकाबाट नागरिकलाई व्यवसायीक सीप विकास, रोजगारी सिर्जना तथा बैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक पुनर्स्थापना र पुनःएकिकरण लगायतका एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने ।

## खण्ड ८

## पाँच बर्षको रणनैतिक कार्यनीति र कार्ययोजना

**रणनीति नं १) सहकारी मोडलमा ब्यवसायीक र निर्यातमुखी कृषि मार्फत् आयआर्जन तथा रोजगारी बृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने ।**

**परिणाम**ः कृषकहरूको उत्पादन क्षमता र आयमा वृद्धि, थप रोजगारीका अवसरहरूको सिर्जना, सामुदायिक आर्थिक सुधार, आर्थिक स्थिरता, नवीन प्रविधिको हस्तान्तरण, वातावरणीय स्थिरता र बजार पहुँचमा सुधार भएको हुनेछ । यसले समग्र आर्थिक, सामाजिक र पर्यावरणीय क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउँछ, जसले गरीबी निवारण, जीवनस्तर सुधार, र दिगो विकासलाई प्रोत्साहन दिनेछ ।

**कार्यनीति**ः उल्लेखित रणनीति पुरा गरी अपेक्षित परिणाम प्राप्तिका लागि निम्नानुसार कार्यनीति निर्धारण गरिएको छ ।

- बाँझो खेतीयोग्य जमिनमा फलफूल लगायतका अनिवार्य खेती लगाउने नीति अवलम्वन गर्ने
- भुगोल अनुसारको एकिकृत ब्यवासायीक फलफुल तथा तरकारी खेतीलाई प्रोत्साहन गर्ने
- उच्च माग र मुल्यका (प्रविधि बिउबजन र औजार उपकरण) कृषि उत्पादनमा लागत साझेदारी नीति अवलम्वन गर्ने
- सहकारी संस्थाहरूको विकास गरेर सामूहिक लगानी र उत्पादनमा जोड

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७४

कार्ययोजना:

| क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि |
|---|---|---|---|
| ▪ बाँझो खेतीयोग्य जमिनको म्यापिङ र डाटाबेस निर्माण ।<br>▪ बाँझो जमिनलाई अनिवार्य बाली लगाउन कानूनी व्यवस्था गरी दण्ड सजाय वा कर छुटको सुविधा व्यवस्था गर्ने<br>▪ माटो परीक्षण र सुधारको कार्यक्रम सञ्चालन बाली लगाउने किसानहरूलाई अनुदान, बीमा र कम ब्याज दरमा ऋण प्रदान गर्ने ।<br>▪ विभिन्न क्षेत्रहरूको भौगोलिक, माटो, जलवायु, र कृषि सम्भाव्यताको अध्ययन गरी उपयुक्त फलफुल तथा तरकारीको पहिचान गर्ने ।<br>▪ फलफुल तथा तरकारी खेती गर्न इच्छुक किसानहरूलाई बीउ, मल, औजार र अन्य आवश्यक सामग्रीमा अनुदान दिने ।<br>▪ क्षेत्र अनुसार सिंचाईको सुविधालाई सुधार गर्ने गरी पानी संरक्षण र व्यवस्थापनको उपायहरू अपनाउने ।<br>▪ उच्च माग र मुल्यका कृषि उत्पादनहरूको पहिचान गरी सम्भावित क्षेत्रहरू र किसानहरूको पहिचान गर्ने ।<br>▪ किसानहरूलाई उन्नत खेती प्रविधि, व्यवस्थापन, र बजारिकरण सम्बन्धी प्रशिक्षण दिने ।<br>▪ व्यापार मेलाहरू, कृषि प्रदर्शनीहरू र अनुबन्धित कृषि कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>▪ किसान, सहकारी संस्था र निजी क्षेत्रवीच लगानी, उत्पादन र लाभको स्पष्ट साझेदारी मोडेल तयार गरी साझेदारीमा उत्पादन गर्ने योजना बनाउने ।<br>▪ लागत साझेदारीमा सरकारी अनुदान र ऋणको व्यवस्था गर्ने, किसानलाई उत्पादनमा आवश्यक उपकरण र स्रोतहरूको उपलब्धता सुनिश्चित गर्ने ।<br>▪ सहकारी संस्थाहरूको उत्पादनको लागि सामूहिक बजारिकरण प्रणालीको विकास गर्ने ।<br>▪ नमूना कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने । | - कार्यपालिका<br>- स्थानीय निर्देशक समिति<br>- आर्थिक विकास समिति<br>- कृषि शाखा | - रोजगार सेवा केन्द्र<br>- कृषि तथा उत्पादक सहकारी | आ.व. ०८१।८२ मा शुरुवात गरी निरन्तर |

**रणनीति नं २) स्थानीय तहमा रोजगारमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी बजेट निर्माण गर्ने ।**

**परिणाम**: रोजगारीका अवसरहरूमा वृद्धि, स्थानीय जनशक्तिको क्षमता विकास, आर्थिक समृद्धि, सामाजिक स्थिरता र गरिबी निवारणमा मद्दत पुग्नेछ । यसले युवाहरूलाई स्वरोजगार र उद्यमशीलतामा प्रेरित गरी स्थानीय स्रोतहरूको अधिकतम उपयोगलाई प्रवर्द्धन गर्दै समग्र आर्थिक विकासलाई दिगो र समावेशी बनाई समुदायको आर्थिक असमानता घटाई जीवनस्तरमा सुधार आउनेछ ।

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

**कार्यनीति**: उल्लेखित रणनीति पुरा गरी अपेक्षित परिणाम प्राप्तिका लागि निम्नानुसार कार्यनीति निर्धारण गरिएको छ ।

- एकिकृत श्रम सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने
- सार्वजनिक-निजी-सहकारी साझेदारीको मोडेल अपनाएर विभिन्न परियोजनाहरू संञ्चालन गर्ने

**कार्ययोजना**:

| क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि |
|---|---|---|---|
| ▪ परियोजना योजना र सम्भाव्यता अध्ययन गरी PPP परियोजनाहरूको पहिचान र प्राथमिकता निर्धारण ।<br>▪ श्रमिकहरूको दर्ता र अभिलेखीकरण प्रणालीलाई स्थानीय तह मैत्री बनाउने ।<br>▪ एकिकृत श्रम सिर्जनाका लागि विषयगत क्षेत्र तथा शाखासँग एकिकृत कार्यक्रम तय गर्ने ।<br>▪ परियोजनाको प्रगति र परिणामहरूको नियमित समीक्षा गरी निरन्तर मूल्यांकन र अनुगमन गर्ने ।<br>▪ नियमित योजनाहरुमा सूचीकृत बेरोजगार परिचालनलाई प्राथमिकता दिने । | – कार्यपालिका<br>– स्थानीय निर्देशक समिति<br>– पूर्वाधार विकास समिति<br>– लेखा समिति<br>– बिधायन समिति | – रोजगार सेवा केन्द्र | आ.व. ०८१।८२ मा शुरुवात गरी निरन्तर |

**रणनीति नं ३) स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने ।**

**परिणाम**: रोजगारका अवसरहरू स्थानीय आवश्यकता अनुरूप सिर्जना हुन्छन जसले जनशक्तिको दक्षता र उत्पादकत्वमा वृद्धि गर्नेछ । यसले बेरोजगारी दर घटाउँदै समुदायको आर्थिक स्थिरता र समृद्धि ल्याउनुका साथै स्थानीय श्रमिकहरूको क्षमता विकास, व्यवसायिक तालिम र स्रोतहरूको अधिकतम उपयोगबाट आर्थिक असमानता घटि सामाजिक समृद्धिमा बृद्धि भई दीगो आर्थिक विकासलाई प्रोत्साहन गर्नेछ ।

**कार्यनीति**: उल्लेखित रणनीति पुरा गरी अपेक्षित परिणाम प्राप्तिका लागि निम्नानुसार कार्यनीति निर्धारण गरिएको छ ।

- आवश्यक दक्षता र वर्तमानमा उपलब्ध दक्षताको तुलना गरी दक्षता अन्तराल पहिचान
- आवश्यकता र प्राथमिकताबीच श्रोत प्रवाहलाई ब्यबस्थित गर्न दक्षता विकास तथा पुन:तालिम
- बजारीकरणका लागि डिजिटल प्लेटफर्महरू निर्माण

**कार्ययोजना**:

| क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि |
|---|---|---|---|
| ▪ कृषि, फलफुल, तरकारी र सहकारी क्षेत्रका लागि आवश्यक दक्षताको सूची तयार गरी वर्तमानमा उपलब्ध दक्षताको मूल्यांकन गर्ने ।<br>▪ दक्षता आवश्यकता र उपलब्धताको डेटाबेस तयार गरी नियमित रूपमा डेटाबेस अपडेट गर्ने । | – कार्यपालिका<br>– स्थानीय निर्देशक समिति<br>– संस्थागत एवं क्षमता विकास समिति | – रोजगार सेवा केन्द्र<br>– सुचना प्रविधि शाखा | आ.व. ०८२।८३ मा शुरुवात गरी निरन्तर |

टंकेन्द्र प्रसाद तिमिल्सिना
गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| ▪ पहिचान गरिएका दक्षता अन्तरालहरूको आधारमा तालिम आवश्यकताको निर्धारण गर्ने, प्राथमिकता निर्धारण गरेर तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ वर्तमानमा कार्यरत किसान र सहकारी सदस्यहरूको लागि नयाँ प्रविधि र प्रचलनहरू सम्बन्धी पुन: तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ उपयोगकर्ता मैत्री, सुरक्षित र विश्वसनीय डिजिटल प्लेटफर्मको डिजाइन गर्ने, वेबसाइट, मोबाइल एप र अन्य डिजिटल माध्यमहरूको विकास गर्ने। | - बिधायन समिति<br>- कृषि शाखा | | |

**रणनीति नं ४) स्थानीय तहमा रहेका सीप विकास, उद्यमशीलता र रोजगारीको बिश्लेषण गरी रोजगारीको अवसर प्रदान गर्ने ।**

**परिणाम**: स्थानीय जनशक्तिको दक्षता र सीपमा सुधार, स्वरोजगार र उद्यमशीलता प्रोत्साहित र नयाँ रोजगारीका अवसरहरू सिर्जना हुनेछ । यसले स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउँदै गरीबी निवारण र आर्थिक समृद्धि ल्याउनुका साथै समुदायमा आर्थिक स्थिरता बढ्दै सामाजिक विकासमा सकारात्मक प्रभाव पार्नेछ ।

**कार्यनीति**: उल्लेखित रणनीति पुरा गरी अपेक्षित परिणाम प्राप्तिका लागि निम्नानुसार कार्यनीति निर्धारण गरिएको छ ।

- श्रम बजार विश्लेषण गरी आवश्यकता र चुनौतीहरूको पहिचान
- स्थानीय उद्योगका आवश्यकता बिश्लेषण गरी सीप विकासका तालिम
- उद्यमशीलता प्रवर्द्धनका लागि स्टार्टअप इन्क्युबेटरहरू स्थापना गरी उद्यमीहरूलाई व्यवसायिक परामर्श, स्रोत साधन र नेटवर्किङको अवसर प्रदान
- सीप विकास र रोजगारीका अवसरहरूको जनचेतनाका लागि सञ्चार माध्यमहरुको उपयोग
- सरकारी र गैरसरकारी निकायबाट प्रदान गरिने तालिम तथा क्षमता विकासका कार्यक्रमलाई एकद्वार प्रणालीबाट सञ्चालन

**कार्ययोजना**:

| क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि |
|---|---|---|---|
| ▪ श्रम बजारको वर्तमान स्थिति र प्रवृत्तिको आधारमा रोजगारका लागि उपलब्ध क्षेत्र, माग र आपूर्तिको विश्लेषण गर्ने ।<br>▪ श्रमिक, रोजगारदाता र उद्योगहरूकोबीचमा आवश्यकता, चुनौतीहरू, र अवसरहरूको पहिचानका लागि बहस-पैरवी गर्ने<br>▪ स्थानीय उद्योगहरूको आवश्यकता र अवसरहरूको विश्लेषण गर्ने, उद्योगहरूको लागि आवश्यक विशेष सीपहरूको पहिचान गर्ने ।<br>▪ तालिम केन्द्रहरूको स्थापना र व्यवस्थापन गरी उद्योगसँगको सहकार्यमा प्राविधिक र व्यावसायिक तालिम कार्यक्रमहरू विकास गर्ने । | - कार्यपालिका<br>- स्थानीय निर्देशक समिति<br>- सामाजिक विकास समिति<br>- रोजगार सेवा केन्द्र | - मेड्पा कार्यक्रम<br>- गैर सरकारी संस्थाहरु | आ.व. ०८२/८३ मा शुरुवात ०८४/८५ सम्म |

५५/६

गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| ▪ अनुभवी उद्यमी र व्यवसायिक परामर्शदाताहरूसँगको साझेदारीमा उद्यमीहरूलाई व्यवसाय योजना, वित्तीय व्यवस्थापन र बजारिकरण सम्बन्धी परामर्श प्रदान गर्ने ।<br>▪ उद्यमीहरूलाई नेटवर्किङ, मेला र कार्यशालाहरूमा सहभागिता गराउने, उद्योग, वित्तीय संस्था र अन्य साझेदारहरूको बीचमा नेटवर्किङ गर्ने ।<br>▪ सीप विकास र रोजगारीका अवसरहरूको प्रवर्धनका लागि मिडिया रणनीति तयार गर्ने तथा विभिन्न सञ्चार माध्यमहरूको उपयोग गर्ने कार्यक्रम बनाउने ।<br>▪ जनचेतना कार्यक्रमहरूको प्रभावकारिता मापन गर्न फिडब्याक संकलन गर्ने, आवश्यक सुधार र अद्यावधिक गर्ने<br>▪ सरकारी र गैरसरकारी निकायबाट प्रदान गरिने तालिम तथा क्षमता विकासका कार्यक्रमलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने । | | | |

**रणनीति नं ५) श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिबृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने ।**

**परिणाम**: दक्ष जनशक्ति उत्पादन जसले श्रम बजारको आवश्यकता पूरा गर्छ, उत्पादकत्व र उद्यमशीलतामा वृद्धि भई स्वरोजगारका अवसरहरू बृद्धि, जसले आर्थिक गतिविधि र समग्र आर्थिक विकासमा टेवा पुर्याउनेछ । यसले गरिबी निवारण, जीवनस्तर सुधार र सामाजिक स्थिरतामा महत्वपूर्ण भूमिका खेल्दै दिगो आर्थिक विकासलाई प्रोत्साहन दिनेछ ।

**कार्यनीति**: उल्लेखित रणनीति पुरा गरी अपेक्षित परिणाम प्राप्तिका लागि निम्नानुसार कार्यनीति निर्धारण गरिएको छ ।

- व्यवसायीक सीप विकास, रोजगारी प्रबर्द्धन, उत्पादनशीलता कार्यक्रममा जोड
- प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिँदै दक्षता विकासका लागि तालिम केन्द्र स्थापना
- उद्यमीहरूलाई सहुलियतपूर्ण कर्जा सुविधा र अनुदान
- आधुनिक व्यवस्थापन प्रविधिहरूको प्रयोग गरेर उत्पादकत्व वृद्धिका लागि नयाँ प्रविधि र नवप्रवर्तनहरूको हस्तान्तरण
- स्थानीय बजार प्रवर्द्धनका लागि मेला, प्रदर्शनी र बजार प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन

**कार्ययोजना**:

| क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि |
|---|---|---|---|
| ▪ विभिन्न क्षेत्रहरूमा प्राविधिक र व्यावसायिक तालिम केन्द्र स्थापना, माग अनुसार तालिम सामग्री र पाठ्यक्रम विकास गर्ने ।<br>▪ तालिम केन्द्रहरूको लागि आवश्यक भौतिक संरचना, उपकरण, र स्रोत साधनको व्यवस्थापन गर्ने ।<br>▪ सरकारी र निजी बैंकहरूसँग सहकार्य गरी सहुलियतपूर्ण कर्जा योजनाको विकास गर्ने । | - कार्यपालिका<br>- स्थानीय निर्देशक समिति<br>- सामाजिक विकास समिति | - शिक्षा शाखा<br>- रोजगार सेवा केन्द्र<br>- निजी बित्तिय तथा सहकारी संस्थाहरु | आ.व. ०८२।८३ मा शुरुवात ०८५।८६ सम्म निरन्तर |

टंकेन्द्र प्रसाद तिमिल्सिना
गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| ▪ नयाँ उद्यमीहरूलाई व्यवसाय सुरु गर्न अनुदान उपलब्ध गराउने, अनुदानको लागि स्पष्ट मापदण्ड र प्रक्रिया निर्धारण गर्ने<br>▪ नयाँ प्रविधिको उपयोग सम्बन्धी तालिम र कार्यशाला सहित प्रविधि हस्तान्तरणको कार्यक्रम गर्ने ।<br>▪ स्थानीय उत्पादनको प्रवर्द्धनका लागि विशेष अभियान सञ्चालन गर्ने, विभिन्न मिडिया, सोसल मिडिया र डिजिटल प्लेटफर्महरूको उपयोग गर्ने । | | | |

**रणनीति नं ६) स्थानीय तहमा दक्ष, प्रतिस्पर्धी र उद्यमशील मानवीय श्रोतको विकास गर्ने ।**

**परिणाम**: श्रम बजारको माग पूरा गर्दै आर्थिक उत्पादनशिलता वृद्धि भई जनशक्तिको दक्षता प्रतिस्पर्धात्मक बन्नेछ । उद्यमशीलतामा प्रोत्साहनले नयाँ व्यवसाय र स्वरोजगारका अवसरहरू सिर्जना भई स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउनेछ साथै बेरोजगारी दर घटाउँदै गरिबी निवारण र जीवनस्तर सुधारमा मद्दत पुर्याउनेछ ।

**कार्यनीति**: उल्लेखित रणनीति पुरा गरी अपेक्षित परिणाम प्राप्तिका लागि निम्नानुसार कार्यनीति निर्धारण गरिएको छ ।

- औपचारिक शिक्षाको स्थानीय पाठ्यक्रममा श्रम बजारको माग अनुसार व्यवसायीक र सीपमूलक विषयबस्तु समावेश
- श्रमबजारको सूचना प्रदान गर्न रोजगार सहायता कार्यक्रम, क्यारियर काउन्सलिङ, उत्प्रेरणात्मक कार्यक्रम लाई प्रभावकारी बनाउने ।
- उद्यमशीलता सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन

**कार्ययोजना**:

| क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि |
|---|---|---|---|
| ▪ श्रम बजारको वर्तमान अवस्था र भविष्यका आवश्यकता पहिचान गर्न अध्ययन र अनुसन्धान गर्ने, विभिन्न उद्योग र रोजगारदाताहरूसँग परामर्श गर्ने ।<br>▪ विशेषज्ञहरूको सहयोगमा श्रम बजारको माग अनुसार व्यवसायिक र सीपमूलक विषयवस्तुहरू समावेश गर्न पाठ्यक्रम अद्यावधिक गर्ने ।<br>▪ स्थानीय विद्यालय र समुदायसँगको सहकार्यमा व्यवसायिक शिक्षा कार्यक्रमको सञ्चालन, स्थानीय उद्योगहरूसँग साझेदारी गरेर व्यावहारिक तालिमको व्यवस्था गर्ने ।<br>▪ विद्यार्थीहरू र युवाहरूलाई लक्षित गरी क्यारियर काउन्सलिङ कार्यक्रम, रोजगार र उद्यमशीलतामा उत्प्रेरणा जगाउन उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ रोजगार सहायता कार्यक्रम, क्यारियर काउन्सलिङ र उत्प्रेरणात्मक कार्यक्रमहरूको बारेमा प्रचार-प्रसार गर्ने | - कार्यपालिका<br>- स्थानीय निर्देशक समिति<br>- सामाजिक विकास समिति | - शिक्षा शाखा<br>- रोजगार सेवा केन्द्र<br>- गैरसरकारी संस्था | आ.व. ०८४।८५ सम्म |

टेकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| ▪ सफल तालिम प्राप्त उद्यमीहरूलाई सहुलियतपूर्ण कर्जा, अनुदान र व्यवसायिक परामर्शको व्यवस्था गर्ने, स्टार्टअप इन्क्युबेटर केन्द्रहरूको स्थापना गरी उद्यमीहरूलाई समर्थन गर्ने<br>▪ बिभिन्न निकायसँग समन्वय गरी लागत साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने | | | |

**रणनीति नं ७) गाउँपालिकाबाट नागरिकलाई व्यवसायीक सीप विकास, रोजगारी सिर्जना तथा बैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक पुनर्स्थापना र पुनःएकिकरण लगायतका एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने ।**

**परिणाम**: रोजगारीका अवसरहरू सिर्जना भई बेरोजगारी दर घट्नेछ, वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको पुनर्स्थापना र एकीकरण प्रभावकारी रूपमा हुनेछ । यसले सामाजिक स्थिरता र आर्थिक समृद्धिमा टेवा पुर्याइ स्थानीय समुदायमा आर्थिक क्रियाकलाप बढ्दै जनशक्तिको दक्षता र उत्पादनशिलता बृद्धि भई समग्र जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

**कार्यनीति**: उल्लेखित रणनीति पुरा गरी अपेक्षित परिणाम प्राप्तिका लागि निम्नानुसार कार्यनीति निर्धारण गरिएको छ ।

- आप्रवासी रिर्टनीहरुको नवसिर्जनाका उद्योग (New Innovative Enterprises), Built-Own-Operate and Transfer (BOOT) जस्ता क्रियाकलापमा गाउँपालकाबाट लागत साझेदारीका सञ्चालन गर्ने
- लगानीयोग्य पुँजीको अभावका कारणले सञ्चालन रोकिएका साना उद्योगलाई बैंकसँग समन्वय गर्ने ।

**कार्ययोजना**:

| क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि |
|---|---|---|---|
| ▪ नवसिर्जनाका उद्योग, New Innovative Enterprises, Built-Own-Operate-Transfer (BOOT) परियोजनाहरूको पहिचान गर्ने, प्राथमिकता निर्धारणका लागि स्थानीय आवश्यकता, सम्भाव्यता अध्ययन र सम्भावित फाइदाहरूको मूल्याङ्कन गर्ने ।<br>▪ लागत साझेदारीका लागि आवश्यक कोषको व्यवस्था गर्ने, गाउँपालिकाको बजेटबाट अनुदान, सहुलियतपूर्ण ऋण र अन्य वित्तीय स्रोतहरूको व्यवस्था गर्ने ।<br>▪ नवसिर्जनाका परियोजनाहरूका लागि आवश्यक प्राविधिक सहायता र तालिमको व्यवस्था गर्ने ।<br>▪ पुँजी अभावका कारण सञ्चालन रोकिएका साना उद्योगहरूको पहिचान गर्ने, उद्योगहरूको समस्या र आवश्यकताका आधारमा प्राथमिकता निर्धारण गर्ने ।<br>▪ उद्योगहरूको पुनर्सञ्चालनका लागि आवश्यक वित्तीय व्यवस्थापनका उपायहरू निर्धारण गर्ने ।<br>▪ साना उद्योगहरूको पुनःसञ्चालनका लागि सरकारी अनुदान र सहुलियतहरूको व्यवस्था गर्ने तथा वित्तीय सहायता प्राप्त उद्योगहरूको नियमित अनुगमन र प्रगतिको मूल्याङ्कन गर्ने । | - कार्यपालिका<br>- स्थानीय निर्देशक समिति<br>- सामाजिक विकास समिति<br>- आर्थिक विकास समिति | - रोजगार सेवा केन्द्र<br>- राजस्व शाखा<br>- बित्तिय संस्थाहरु | आ.व. ०८५।८६ सम्म |

रविन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

## खण्ड ९ श्रोत परिचालन र बजेट व्यवस्थापन

सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोकको रोजगार रणनीतिको श्रोत परिचालन र बजेट व्यवस्थापनको महत्वपूर्ण अंशहरू निम्नानुसार रहेका छन् :

**श्रोत परिचालन :**

- **स्थानीय सरकारी बजेट :** सुनकोशी गाउँपालिकाले स्वतन्त्र रूपमा उपलब्ध गराएको सरकारी बजेट रणनीतिको श्रोत हुन्छ । यसमा सार्वजनिक क्षेत्रका राजस्व र अनुदानहरु प्राथमिक रूपमा सामेल हुन्छन् ।
- **संस्थागत योजना र प्रोजेक्टहरु :** विभिन्न संस्थाहरु, अन्तर्राष्ट्रिय विकास निकायहरु, गैरसरकारी संस्थाहरुको परियोजना र योजनाहरुले रोजगार रणनीतिमा वित्तीय संसाधन प्रदान गर्दछन् । यी स्रोतहरुले विशेष रूपमा विकास परियोजनाहरुमा रणनीतिका लक्ष्य तथा उद्देश्यहरुको साथ संरक्षण र विकास गर्ने अवसर प्रदान गर्दछ ।
- **सार्वजनिक यातायात र अन्य सेवाहरुको राजस्व :** सार्वजनिक यातायात, बीमा, स्वास्थ्य सेवा तथा अन्य सेवाहरुको राजस्वले गाउँपालिकाले विकास कार्यको लागि वित्तीय संसाधनहरु व्यवस्थापन गर्दछ । यसले सार्वजनिक सेवाहरुको स्तर बढाउने गर्दछ र समुदायको जीवन गुणस्तरमा सुधार गर्दछ ।

**बजेट व्यवस्थापन :**

- **वित्तीय योजना र बजेट तयारी :** गाउँपालिकाले वार्षिक रूपमा वित्तीय योजना तयारी गर्दछ जसमा रोजगार रणनीतिका लक्ष्यहरु, क्रियाकलापहरु र योजनाहरुको लागि वित्तीय संसाधनहरुको प्रबन्धन गरिनेछ ।
- **बजेट असार्वजनिकता र प्रदर्शन :** सार्वजनिक रूपमा प्रकाशन गरिएको बजेटले गाउँपालिकाले वित्तीय संसाधनहरुको उपयोग, प्रबन्धन र प्रदर्शनमा पारदर्शिता र प्रदर्शनको प्रबन्धन गरिनेछ ।
- **बजेट वितरण र प्रबन्धन :** वित्तीय नियमन, वितरण र लेखा परीक्षणका लागि सुरक्षित र ठीक बजेट वितरण र प्रबन्ध प्रदान गरिनेछ ।
- **बजेट सुधार र मूल्याङ्कन :** वार्षिक रूपमा बजेट सुधार गर्ने, प्राधिकृत विकासका अनुरूप मूल्याङ्कन गर्ने जसमा वित्तीय संसाधनहरुको उपयोग प्रबन्धन, परिकल्पना र प्रदर्शन समावेश भएका हुनेछन् ।

यस्तै बजेट व्यवस्थापन र श्रोत परिचालनले सुनकोशी गाउँपालिका रोजगार रणनीतिमा वित्तीय स्थिरता, प्रबन्धन पारदर्शिता र समुदायको विकासको लागि अवसर प्रदान गर्दछ ।

**बजेटको प्रबन्ध :**

रोजगार रणनीतिले यस गाउँपालिकाको बेरोजगारहरुलाई नियमित बिकासका कार्यहरुलाई एकिकृत माध्यमवाट सञ्चालन गरी रोजगारी तथा आय आर्जन बृद्धि गर्नु यसको लक्ष्य रहेको छ । नियमित बिकासका कार्यहरुमा सूचीकृत बेरोजगारहरुलाई परिचालन गर्नुका साथै आशातित सफलताका लागि रोजगार सेवा केन्द्र मार्फत रोजगारी सिर्जनाका लागि बार्षिक रुपमा बजेट बिनियोजन गरी कार्यक्रमहरु सञ्चालन हुनेछ । यसरी सञ्चालन हुने रोजगार योजनाहरुवाट एकातर्फ गाउँपालिकाको बिकासमा योगदान पुग्नुका साथै रोजगारी सिर्जनामा उल्लेखनीय उपलब्धी प्राप्त हुनेछ । रोजगारी सिर्जनाका लागि तयार गरिएको यस रणनीतिका लागि अनुमानित बजेट यसप्रकार रहेको छ ।

| सि नं | रणनीति | आवश्यक बजेट (हजारमा) |
|---|---|---|
| रणनीति नं १) | सहकारी मोडलमा ब्यवसायीक र निर्यातमुखी कृषि मार्फत् आयआर्जन तथा रोजगारी बृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने । | 5,000 |
| रणनीति नं २) | स्थानीय तहमा रोजगारमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी बजेट निर्माण गर्ने । | 100 |

गा.पा. अध्यक्ष

| | | |
|---|---|---|
| रणनीति नं ३) | स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने । | 500 |
| रणनीति नं ४) | स्थानीय तहमा रहेका सीप विकास, उद्यमशीलता र रोजगारीको बिश्लेषण गरी रोजगारीको अवसर प्रदान गर्ने । | 3,000 |
| रणनीति नं ५) | श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिबृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने । | 500 |
| रणनीति नं ६) | स्थानीय तहमा दक्ष, प्रतिस्पर्धी र उद्यमशील मानवीय श्रोतको विकास गर्ने । | 500 |
| रणनीति नं ७) | गाउँपालिकाबाट नागरिकलाई व्यवसायीक सीप विकास, रोजगारी सिर्जना तथा बैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक पुनर्स्थापना र पुनःएकिकरण लगायतका एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने । | 1,000 |

## खण्ड १० रणनैतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्वन्धी व्यवस्था

सुनकोशी गाउँपालिकाको रोजगार रणनीति प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ ले निर्दिष्ट गरेको अधिकार प्रयोग गरी स्थानीय निर्देशक समितिद्वारा निर्माण गरिएको हुंदा यसको नियमन तथा कार्यान्वयन गर्ने मुख्य जिम्मावारी यसै समितिको रहनेछ । यसका साथै गाउँपालिकाले लिएको लक्ष्य प्राप्तिका लागि रोजगार रणनीति योजनाको सफल कार्यान्वयन गर्न अति आवश्यक रहेको छ । रणनीति योजनाको व्यवस्थापन तथा सफल कार्यान्वयनका लागि निम्नानुसार समितिहरुको व्यवस्था रहनेछ ।

**स्थानीय निर्देशक समिति :**

| | |
|---|---|
| संयोजक | गाउँपालिका अध्यक्ष |
| सदस्य | गाउँपालिका उपाध्यक्ष |
| सदस्य | संयोजकले तोकेको २ जना वडा अध्यक्ष |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

**रणनीति कार्यान्वयन समिति :**

| | |
|---|---|
| संयोजक | गाउँपालिका अध्यक्ष |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | क्षेत्रगत समितिका संयोजकहरु |
| सदस्य | पूर्वाधार विकास, बिपद व्यवस्थापन, कृषि तथा पशु विकास शाखाबाट एक एक जना कर्मचारी |
| सदस्य | रोजगार संवाद मञ्चबाट एक जना |
| सदस्य | निजी क्षेत्रका रोजगारदाताहरुबाट एक जना |
| सदस्य | सहकारी संस्थाहरुको सञ्जालबाट एक जना |
| सदस्य | स्थानीय तहमा कार्यक्षेत्र भएको गैरसरकारी संस्थाबाट एक जना |
| सदस्य | बैंक तथा बित्तिय क्षेत्रबाट एक जना |
| सदस्य सचिव | रोजगार संयोजक |

(यस समिति गठन गर्दा महिला, अल्पसंख्यक, पिछडिएको बर्गलाई प्राथमिकतामा राख्नुपर्ने छ साथै स्थानीय निर्देशक समितिले आवश्यकता बमोजिम विज्ञहरुलाई आमन्त्रीत सदस्यको रुपमा समावेश गराउन सक्नेछ ।)

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

**रणनीति अनुगमन तथा मुल्याङ्कन समिति :**

| | |
|---|---|
| संयोजक | गाउँपालिका उपाध्यक्ष |
| सदस्य | कार्यपालिकाबाट तोकेको एक जना |
| सदस्य | आर्थिक विकास समिति संयोजक |
| सदस्य | स्थानीय तहमा सक्रियता रहेका सञ्चारकर्मीहरु मध्येबाट एक जना |
| सदस्य सचिव | योजना शाखा प्रमुख |

यसरी स्थापित निर्देशक समिति, अनुगमन र मूल्यांकन व्यवस्थाले सुनकोशी गाउँपालिका रोजगार रणनीतिको विकास र प्रबन्धनमा सशक्तता प्रदान गर्दछ । यसले योजनाहरूको सफलतामा महत्वपूर्ण भूमिका खेल्दछ र समुदायको उत्थानमा सहायक सिद्ध हुनेछ ।

## खण्ड ११ जोखिम व्यवस्थापन

सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोकको रोजगार रणनीति योजनाको जोखिम व्यवस्थापनमा निम्नलिखित विषयहरु समावेश गरिएको छ ।

- **कृषि र पशुपालनमा वित्तीय जोखिमहरु** : कृषि र पशुपालनमा नयाँ प्रविधिको प्रयोग गर्दा वित्तीये र व्यावसायिक जोखिमहरु उत्पन्न हुन सक्छ । उदाहरणका लागि, नयाँ प्रणालीहरुको अपनाउनुमा वित्तीय संकट आउन सक्छ जसले स्थानीय किसानहरुलाई बढी तनाव सामना गराउन सक्छ ।
- **पर्यटन विकासमा स्थानीय प्रतिस्पर्धा र व्यावसायिक जोखिमहरु :** पर्यटन आधारित रोजगार सृजना गर्दा स्थानीय उद्यमीहरुले प्रतिस्पर्धात्मक परिस्थितिमा, विभिन्न बजारिकरण र व्यावसायिक जोखिमहरुमा असहजता उत्पन्न गर्न सक्छ ।
- **साना व्यवसाय विकासमा प्रशिक्षण र वित्तीय सहायता :** साना व्यवसायहरुको समर्थनमा, प्रशिक्षण र वित्तीय सहायता प्रदान गर्दा, स्थानीय व्यवसायीहरुको सम्पत्तिको संकट आउन सक्छ जसले उनीहरुको साना संस्थाहरुलाई पुनर्जीवन दिन सक्छ ।
- **शैक्षिक र तालिम सेवाहरुको अभाव :** नयाँ कौशल विकासको लागि उपयुक्त शैक्षिक र तालिम सेवाहरुको अभाव सामुदायिक संस्थाहरुलाई नै असमर्थ बनाउ सक्छ । यसले उनीहरूको अवसरहरूको सीमा राख्नुका साथै उनीहरूको पुनर्जीवन र विकासको अवसरमा अवरोध पर्न सक्छ ।
- **प्राकृतिक विपद्हरुको जोखिम :** विपद् प्रतिस्पर्धामा, उत्पादन र सेवाहरुको अस्तित्वमा बाधा पर्न सक्छ जसले स्थानीय अर्थतन्त्रलाई प्रभावित गर्न सक्छ ।